भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

# कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं. ०१-२०८३/०८४ (कृषि विकास)

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११**

भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व. २०८३/०८४ को वार्षिक नगर विकास योजना अन्तर्गत स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कृषि कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले भरतपुर महानगरपालिका भित्रका र कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक **(कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी)** हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८३/०६/०९ सम्म) तपसिलका शर्तहरु पुरा गरी तोकिएको ढाँचामा माग निवेदन साथ प्रस्तावना पेश गर्नहुन यो सूचना प्रकाशन गरीएको छ। तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरुलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन। कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ।

<u>तपसिलः</u>

| क.स. | कार्यक्रमको नाम | परिमाण | विनियोजित बजेट रु. | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १. | कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा अटयाचमेन्टमा ५०% अनुदान उपलब्ध गराउने | माग संख्या र बजेट अनुसार | ३० लाख | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म / कृषि कम्पनी/ कृषि कार्य गर्ने गरी उद्देश्यमा स्पष्ट उल्लेख गरिएको सहकारी | कृषि यन्त्रीकरण प्रवर्द्धन सम्बन्धि कार्यविधि, २०७६ (पहिलो संशोधन २०७८) बमोजिम |
| २. | साना सिंचाई निर्माणमा अनुदान | माग संख्या र बजेट अनुसार | १ करोड | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म/ कृषि कार्य गर्ने गरी उद्देश्यमा स्पष्ट उल्लेख गरिएको सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७७ बमोजिम |
| ३. | आई. पी .एम. कृषक पाठशाला संचालन | माग संख्या र बजेट अनुसार | ८ लाख | आई.पि.एम सहजकर्ता कृषक समुह/कृषि सहकारी/ कृषि कार्य गर्ने गरी उद्देश्यमा स्पष्ट उल्लेख गरिएको सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७७ बमोजिम |
| ४. | रैथाने बाली (कोदो, फापर) खेति गर्ने कृषकलाई प्रति कठ्ठा रु.६०० अनुदान | माग संख्या र बजेट अनुसार | ५ लाख | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म/ कृषि कार्य गर्ने गरी उद्देश्यमा स्पष्ट उल्लेख गरिएको सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७७ बमोजिम |

..................................
तेजेन्द्र प्रसाद पौडेल
आर्थिक विकास महाशाखा प्रमुख
महाशाखा प्रमुख

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

तपसिल (आवश्यक कागजात तथा सर्तहरु)

१. समुह/सहकारी/ कृषि कम्पनीको निर्णय र प्रस्तावना सहितको माग निवेदन।

२. सम्बन्धित संस्थाको नविकरण गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि र गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

३. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको निर्णयको प्रतिलिपी।

४. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र ।

५. सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र।

६. कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि/लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष भाडामा लिएको हुनुपर्ने र सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसारका कागजातहरु।

७. साना सिंचाई अन्तर्गत बोरिंग निर्माणको हकमा कम्तिमा ४ विघा क्षेत्रफल हुनुपर्ने र सो को क्षेत्रफल खुल्ने जग्गाको लालपुर्जा र नापि नक्सा को छांयाप्रति अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

८. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीले आवेदन दिनको लागी एक वर्ष पहिले दर्ता गरेको हुनुपर्ने छ।

९. आ.व.२०८२/०८३ मा सोहि प्रकृतिको अनुदान पाएको कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको सदस्यले कार्यक्रममा सहभागी हुन पाउने छैन।

१०. कृषि सहकारीको हकमा लाभाग्राही सदस्यको सदस्यता प्रमाणपत्र प्रतिलिपि पेश गर्नु पर्ने।

११. एक लाख सम्मको अनुदान प्रस्तावको आवेदन दस्तुर रु.१००, दुई लाख देखि पाँच लाख सम्मको लागि रु.३०० र पांच लाख भन्दा माथिको प्रस्तावलाई रु.५०० दस्तुर बुझाएको सक्कल रसिद।

१२. रैथाने बाली (कोदो/फापर) खेति गर्ने कृषकलाई प्रति कठ्ठा रु.६०० अनुदान कार्यक्रम अन्तर्गत न्यूनतम २ कठ्ठा क्षेत्रफलमा खेति गरेका तर कुनैपनि कृषक समुह/सहकारीमा आबद्द नभएका कृषकहरुलाई समेत कार्यक्रममा सहभागी गरिनेछ।

**नोटः- कार्यक्रम सम्वन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं.-०५६-४९३४३७ मा सम्पर्क गर्न सकिने छ। कार्यविधि संशोधन भएमा संशोधित कार्यविधि बमोजिम नै कार्यक्रम संचालन हुने छ। प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ।**

महाशाखा प्रमुख